"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## DHARAN SUB-METROPOLITAN CITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, १ नं. प्रदेश, नेपाल

Sunsari, Province No. 1, Nepal

शिक्षा, युवा तथा खेलकुद महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :-

चलानी नं. :- ३०५६

मिति: २०७८।०८।२२

**युवा नवप्रर्वतनात्मक विचार प्रतियोगिता ("Youth Innovative Ideas Hunt" Competition) का लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् बाट आ.व. २०७८/७९ का लागि ससर्त अनुदानका रुपमा स्थानीय तहमा विनियोजन भएका कार्यक्रमहरु अन्तर्गत **युवा प्रतिभाहरुको खोजी र प्रोत्साहनको** कार्यक्रम यस उपमहानगरपालिकामा प्राप्त भएकोमा उक्त कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय युवा परिषद्ले **युवा नवप्रर्वतनात्मक विचार प्रतियोगिता ("Youth Innovative Ideas Hunt" Competition)** सञ्चालन गर्ने गरी विषय निर्धारण गरेको हुँदा सुनसरी जिल्लाभरका सम्पूर्ण ईच्छुक युवाहरुलाई तपसिलका सर्त र बन्देजको अधीनमा रही सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालयमा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा यसैसाथ संलग्न छ ।

**प्रतियोगिताका सर्त तथा बन्देजहरु:**

१. प्रतियोगितामा सहभागी हुने युवा १६ देखि ४० वर्ष उमेर समूहभित्रको हुनुपर्ने छ ।
२. प्रतियोगितामा सहभागी हुने युवाले १० (दस) वटा नवप्रर्वतनात्मक विचारहरु **(Innovative Ideas)** पेस गर्नुपर्ने छ ।
३. निवेदन पेस गर्ने म्याद सकिएपश्चात मिति २०७८।०९।२९ गते धरान उपमहानगरपालिकामा प्रतियोगिता सञ्चालन हुनेछ । साथै प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्ने प्रतियोगीलाई क्रमशः नगद रु १० हजार, ७ हजार र ४ हजार पुरस्कार तथा प्रमाणपत्र प्रदान गरी पहिलो हुनेलाईपत्र तथा प्रर्दशन भएको सामग्री सहित प्रदेश स्तरमा हुने कार्यक्रममा सहभागी हुन पठाइने छ ।

रत्नबहादुर कटुवाल
उपसचिव (अधिकृत दर्शी)

बोधार्थ:

**१.श्री सबै स्थानीय तहहरु, सुनसरी-** *सहभागिताका लागि आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।*

**२. श्री जिल्ला युवा समितिको कार्यालय, सुनसरी-** *सहभागिताका लागि आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।*

३. श्री सूचना शाखा, धरान उ.म.न.पा. -सूचना वेवसाइटमा राखिदिनु हुन ।

कार्यालय: ०२५-५७०६३६, ५७०८१३, ५७०४०७, प्रमुख: ५७०१०९, उप-प्रमुख: ५७५४९०, प्र.प्र.अ.: ५७०२७९, प्रशासन: ५७१९९१, आर्थिक प्रशासन: ५७१५११,
सुचना, राजस्व: ५७१५०१, भण्डार/खरिद: ५७१५०३, वारुण यन्त्र: ५७०१९९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np

## प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा

मिति :- २०७८/    /......

श्री धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी ।

विषय :- प्रतियोगितामा सहभागी हुन पाऊँ ।

प्रस्तुत विषयमा तहाँको मिति २०७८/    /...    गते प्रकाशित सूचनामा उल्लेख भएको **Youth Innovative Ideas Hunt** प्रतियोगितामा मैले तयार गरेको ........................................................ विषयक सामग्री सहित सहभागी हुनका लागि तपसिल अनुसारको विवरण तथा कागजातहरू संलग्न गरी यो निवेदन पेस गर्दछु । यस कार्यक्रममा सहभागी हुँदाको व्यक्तिगत खर्च कही कतै पनि मागदावी नगर्ने ब्यहोरा समेत अनुरोध गर्दछु ।

**निवेदनसाथ पेस गरेका कागजातहरू :-**

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा नेपाली नागरिकता प्राप्त नभएको अवस्थामा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि

ख. निवेदकले प्राप्त गरेको उपल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

निवेदक

दस्तखत : ....................

नाम, थर : ..........................

निवेदकको ठेगाना :-

स्थायी : जिल्ला ................., गा.पा./नगरपालिका ..............., वडा नं ...., टोल ..................

सम्पर्क : फोन/मोबाइल नं. : ............................. इमेल : ..........................................

धनबहादुर कटुवाल
नि. प्रमुख प्रशासकीय अधिकृत